८९ औ बैठक

आज मिति २०७८ साल जेठ १३ गते विहिबारका दिन बिहान ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङज्यूको अध्यक्षतामा बसी तपसील बमोजिमका प्रस्तावहरु माथि तपसील बमोजिमका निर्णयहरु गरियो।

उपस्थिती :

श्री किसान गुरुङ, नगर प्रमुख, अध्यक्ष (नगर कार्यपालिका)

श्री सबिता रसाईली , उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री रबि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री शशीला कुँवर, का.वा. वडा अध्यक्ष वडा नं. १

श्री जगत बहादुर गुरुङ , सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री विष्णुहरी जर्तिला, का.वा. वडा अध्यक्ष वडा नं. ३

श्री शिव कुमार श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री सन्तोष श्रेष्ठ, का.वा. वडा अध्यक्ष वडा नं. ४

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर ~~क्षेत्री~~ थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी , सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ , सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा , सदस्य (नगर कार्यपालिका)

श्री गिता महत , सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल , सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा , सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यपालिका)

श्री कुल बहादुर भुजेल , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल , सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे , सदस्य (नगर कार्यपालिका)

श्री गंगालाल सुवेदी , प्रमुख प्रशासकीय अधिकृत एवम् सचिव (नगर कार्यपालिका)

Scanned with CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. १ :**

कोरोना संक्रमण नियन्त्रण तथा व्यवस्थापनका लागि नगरपालिकाले गरेका कार्यहरुको समीक्षा गरियो,साथै यसअघि कार्यपालिका बैठकले गरेका निर्णयको कार्यान्वयन स्थिति तथा चालु आ.ब. ०७७/७८ मा सञ्चालित योजनाहरुको प्रगति तथा समीक्षा गरियो ।

**निर्णय नं.२ :**

यस नगरपालिकामा कोरोना संक्रमणको व्यवस्थापनका लागि देहायबमोजिम गर्ने :

- शुक्लागण्डकी नगरपालिकाका सबै नगरवासीहरुलाई कोरोना भ्याक्सिन यथासक्य छिटो पठाउनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,काठमाण्डौमा अनुरोध गरी पठाउने,साथै मन्त्रालयले समयमै कोभीड भ्याक्सीन व्यवस्थापन गराउन असमर्थ भएमा पालिकाले आर्थिक दायित्व वहन गरी खोप खरिद गर्न तयार रहेको समेत जानकारी गराउने ।
- आईशोलसन वार्डका लागि थप १० वटा नर्मल बेड र १५ वटा अक्सिजन सिलिण्डर खरिद गर्ने,
- कोरोना संक्रमण तथा नियमनका लागि अत्याश्यक सामाग्रीहरु भिटीएम,अक्सिमिटर,पिपिई लगायतका सामाग्रीहरु खरिद गर्ने ।
- कोरोना संक्रमितलाई सम्बन्धित वडाका जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरुले भिटामीन र प्राथमिक तहका औषधीहरु वितरण गर्ने ।
- ट्रेसिङमा परेका नागरिकहरुको आवश्यकता र औचित्यताका आधारमा पिसिआर र एन्टिजेन परीक्षणलाई विस्तार गर्ने ।
- शुक्लागण्डकी नगरपालिका वडा नं. ८ भाटीको डिलस्थित हिमालीटोल सामुदायिक भवनमा १५ बेडको प्राथमीक आईशोसन कक्ष निर्माण गरी भाडामा बसोवास गर्ने व्यक्ति कोरोना संक्रमण पुष्टि भै निजहरुको सामान्य अवस्थामा रहदासम्म राख्ने व्यवस्था गर्ने ।
- जिल्ला प्रशासन कार्यालय दमौली,तनहुमा आगामी एक हप्तासम्म पालिकाभित्रका औषधी पसलवाहेक अन्य कुनै कार्य संचालन नगर्ने गरी निषेधाज्ञा गर्न सिफारिस गर्ने ।

**निर्णय नं. ३ :**

आगामी आ.ब. ०७८/७९ का लागि नगरपालिकाको निति,कार्यक्रम तथा बजेट तर्जुमाका लागि सम्पुर्ण वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट यथाशिघ्र लिखित तथा मौखिक रुपमा सुझाव नगरप्रमुखसमक्ष पेश गर्ने ।

**निर्णय नं. ४:**

चालु आ.ब ०७७/७८ का लागि जिसस श्रोत कायम भै सम्पन्न योजनाको लागि आन्तरिक आयबाट खर्च लेख्ने गरी भुक्तानी गर्ने ।

किशन गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ५ :**

मेयरकप २०७७ को खर्च सम्बन्धमा सम्बन्धित व्यवस्थापन समितिको सिफारिसका आधारमा विलबमोजिम प्रस्तुत भएको रु २९ लाख रकम शिक्षा तथा खेलकुदसँग सम्बन्धित शिर्षकहरुबाट खर्च लेख्ने गरी भुक्तानी गर्ने ।

**निर्णय नं. ६ :**

चालु आ.ब. ०७७/७८ का उपभोक्ता समितिबाट कार्य गरिएका खानेपानी वाहेकका योजनाहरुलाई आगामी आ.ब. ०७८/७९ को क्रमागत योजनामा निरन्तरता नदिने ।

**निर्णय नं ७ :**

फुटकर योजना नगरपालिकाभरबाट खर्च लेख्ने गरी देहायको कार्य गर्ने :

क) महेन्द्र मा.वि शु.न.पा वडा नं ११ को पहिरो नियन्त्रणका लागि ल.इं बमोजिमको रकम रु ४,८५,७८९ ,

ख) ढोरवाराही मार्गमा पर्ने वडा नं. १० को कार्यालयनजिकको पहिरो संरक्षणका लागि ल.ई बमोजिमको रकम रु ८५८६७८,

ग) खैरेनी मावि का लागि गत आ.ब. ०७६/७७ को वाजा र खेलकुद सामाग्री खरिदवापतको अल्या रकम रु ४ लाख,

घ) शुनपा वडा नं. १० को फुलवारी सेवा केन्द्रको भवन मर्मतका लागि ल.ई बमोजिम रु २६४९३५,

ङ) शु.न.पा वडा नं. ११ भुस्नापुरमा ५० मिटर जि आई पाईप खरिदका लागि स्विकृत दररेटअनुसारको रकम,

च) ईलाका प्रहरी कार्यालय,बेलचौताराबाट शुनपा वडा नं. २ मा अस्थायी प्रहरी बिट निर्माणका लागि आवश्यक रकम ,

छ) नेपाल मगर संध को सचिवालय भवन तथा ट्रस्ट निर्माण अनुसार सहयोग रकम माग भै आएकोले प्रस्तावनाअनुसार रङरोगनअनुसारको रकम रु १ लाख ५० हजार ।

ज) वडा नं. १० स्थित खोरादी मिनमखानी खानेपानी उपभोक्ता समितिबाट मुहान संरक्षण तथा मर्मत गर्दा लागेको रु ३४,९९० ।

**निर्णय नं. ८ :**

खैरेनी माध्यामिक विद्यालयमा माध्यामिक तहको विज्ञान विषयको शिक्षक पद रिक्त भएकोमा सम्बन्धित विद्यालयहरुका व्यवस्थापन समितिको सहमतिका आधारमा गणेश मा.वि. म्याग्देमा अस्थायी करार सेवामा कार्यरत प्रकाश श्रेष्ठलाई उक्त रिक्त पदमा सरुवा गर्ने ।

**निर्णय नं. ९ :**

शहरी विकाश तथा भवन निर्माण विभाग,नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना,आयोजना समन्वय कार्यालय सिंहदरवार काठमाण्डौ र यस पालिकाको बिच सम्पन्न सम्झौता अनुसार नेपाल

किशन गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

शहरी शासकीय तथा पूर्वाधार आयोजनाको कार्यान्वयनका लागि आवश्यक डिजाईन,सुपरभिजन,कन्सल्ट्यान्ट को परामर्श सेवा खरिदको लागि आवश्यक ल.ई.,टिओआर तथा Evaluation critaria स्विकृत गरी प्रक्रिया अधि बढाउने ।

**निर्णय नं १० :**

प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी देहायको राहत रकम उपलब्ध गराउने :

- वडा नं. ७ मा भएको आगलागीका कारण गोठ जलेको परिवारलाई रु १५ हजार,
- वडा नं. १० निवासी जस बहादुर कुमालको आवासमा हावाहुरीले क्षति पुर्याएको हुदा आवास सँरक्षणका लागि रु १५०००,
- वडा नं. १० निवासी विष्णु वहादुर थापाको गोठमा आगालागी भएको हुदा राहत रकम रु १५०००,
- वडा नं १ ओखेल्दी निवासी चन्द्र बहादुर गुरुङ र काठेपिपल निवासी डम्मर बहादुर गुरुङको घरमा हावाहुरीबाट क्षति भएको हुदा प्रतिपरिवार रु १५०००,
- वडा नं. ९ निवासी देउकुमारी उचै ठकुरीको घरमा चट्याङ परी क्षति भएको हुदा राहत रकम रु १५००० ।
- वडा नं. ९ निवासी रुद्रमाया सुनारको घरमा चट्याङ परी क्षति भएको हुदा राहत रकम रु १५००० ।
- शु.न.पा वडा नं. ७ स्थित शिवचोकटोलमा बस्ने प्रकाश पौडेलको घरमा वर्षातको कारण क्षति पुगेको हुदा राहतरकम रु १५००० ।

**निर्णय नं. ११ :**

शुक्लागण्डकी नगरपालिका वडा नं. ८ प्रस्तावित खेलमैदानको सतह डाउन गर्नको लागि सम्वन्धित वडा कार्यालय,गाउफर्कोदय माध्यामिक विद्यालय संग समन्वय गरी आवश्यक प्रक्रिया अघि बढाउने ।

**निर्णय नं. १२ :**

शुक्लागण्डकी नगरपालिकामा कार्यरत साविक स्थानीय निकायमा कार्यरत रहदा कार्यरत कर्मचारीको समायोजन तथा व्यवस्थापन सम्बन्धी ऐन २०७७ अध्ययनका लागि विधायन समितिमा पेश गर्ने ।

**निर्णय नं. १३ :**

राजश्व परामर्श समितिले सिफारिस गरेबमोजिम आगामी आ.ब. ०७८/७९ का लागि स्थानीय उत्पादन शुल्क उठाउने र विज्ञापन कर संकलन कार्यका लागि टेण्डरमार्फत आवश्यक प्रक्रिया अघि बढाउने ।

किसान गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. १४:**

सामी परियोजना संचालनका लागि सुरक्षित आप्रवासन कार्यक्रम संचालन कार्यविधि २०७८ को मस्यौदा अध्ययन गरी पेश गर्न विधायन समितिमा पेश गर्ने ।

**निर्णय नं. १५ :**

वडा कार्यालयहरुले कोरोना भाईरसको दोस्रो लहरको संक्रमण नियन्त्रण तथा व्यवस्थापनका लागि गरेको खर्च सम्बन्धित वडाको लक्षित कार्यक्रम तथा अन्य शिर्षकमा रहेको रु १ लाखसम्मको कार्यक्रम रकमान्तर गरी भुक्तान गर्ने ।

**निर्णय नं. १६:**

कोरोना संक्रमणको विषम परिस्थितिको सामना गर्नका लागि स्वदेशी तथा विदेशी संघ,संस्था,गैरआवासीय नेपाली संगठन तथा दातृ निकायसंग समन्वय,सहकार्य,सहयोग तथा सद्भाव कायम गर्ने ।

**निर्णय नं. १७ :**

कार्यालय संचालनका लागि विविध तर्फ वजेट अभाव भएकोले शुसासनतर्फको सार्वजनिक सुनुवाई तथा समीक्षाको रु ४ लाख र ईन्धन कार्यालय प्रयोजनतर्फ बजेट अपुग भएकोले जनप्रतिनिधि कानुनी अभिमुखीकरणको रु ५ लाख रकम रकमान्तर गर्ने ।

**निर्णय नं. १८:**

नगरपालिकाले चालु आ.ब. ०७७/७८ का लागि पर्यटन शिर्षकअन्तर्गत होमस्टेप्रबर्द्धनका लागि रु ५ को सामाग्री खरिद गर्न कालीमर्याङ जाम्दीवेशी टोल विकास संस्थासंग संभौता भएअनुसार उक्त ५ लाखबाट कालीमर्याङ आंमासमुह भवनको निर्माण सम्पन्न गर्ने गरी योजना संशोधन गरी कार्य अघि बढाउने ।

**निर्णय नं. १९**

वडा नं. ४ र वडा नं. २ का वडा अध्यक्षलाई कोरोना संक्रमण पुष्टि भै उपचाररत भएको हुदा शिघ्र स्वास्थ्यलाभको कामना गर्ने,साथै कार्यपालिका सदस्य कुलबहादुर भुजेलको पिताको असामयिक निधन भएको हुदा मृत आत्माको चिरशान्तीको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना ज्ञापन गर्ने ।

किशन गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. २० :**
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,काठमाण्डौद्धारा स्विकृत स्थानीय तह संस्थागत क्षमता स्वमुल्याकंन कार्यविधि २०७७ अनुसार यस पालिकाको सेवाप्रवाह तथा कार्यप्रक्रियाका सम्बन्धमा विवरण भर्दा कुल ५३.५ अंक प्राप्त भएकोले उक्त नतिजालाई सार्वजनिक गर्ने र सम्बन्धित मन्त्रालयमा नतिजाको विवरण पठाउने निर्णय गरियो ।

**निर्णय नं २१ :**
शुक्लागण्डकी नगरपालिका वडा न. ९ मा निर्माणाधीन ढोरवाराही मोटरमार्ग अन्तर्गत ढोरवाराही मन्दिर जाने बाटोको माथिल्लो पार्क नजिकको पहिलो घुम्तीमा ह्युम पाईप सहितको पानीको निकास गर्नुपर्ने भएको हुदा रु ५ लाख रकम उक्त योजनाको टेण्डरबाट घटेको रकमबाट स्रोत व्यवस्थापन गर्ने गरी कार्य अघि बढाउने ।

किसान गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत